आज मिति २०७८ चैत्र ४ गते शुक्रबारका दिन दार्मा गाउँपालिका, सल्यानको कार्यपालिका बैठक अध्यक्ष निमबहादुर के.सी.ज्यूको अध्यक्षतामा बसी तपसिलका प्रस्ताव उपर छलफल गरी निर्णय गरियो।

**तपसिल**

| | |
|---|---|
| निमबहादु के.सी. | अध्यक्ष |
| टीका शर्मा, वली | उपाध्यक्ष |
| अमृत खड्का | नि. प्रमुख प्रशासकीय अधिकृत |
| कविकुमार चन्द | सदस्य |
| डिल्लीबहादुर के.सी. | सदस्य |
| सेतीराम रोकाहा | सदस्य |
| चन्द्रबहादुर रावत | सदस्य |
| रामबहादुर के.सी. | सदस्य |
| दुर्गाबहादुर मल्ल | सदस्य |
| सन्ताराम कामी | सदस्य |
| अमृता कामी | सदस्य |
| मञ्जु शाही | सदस्य |
| जुना मल्ल चन्द | सदस्य |
| देवी खत्री | सदस्य |
| धनीराम नेपाली | सदस्य |
| खुम बहादुर के.सी. | सहायक पाँचौ |
| सन्देश के.सी. | क. अ. |
| रामप्रसाद शर्मा | अध्यक्ष सचिवालय व्यवस्थापक |

१. सडक बोर्ड नेपालको कार्यक्रम स्वीकृत गर्ने सम्वन्धमा।
२. गुनासो सुनुवाई उपर परेका आवेदन सिफारिस गर्ने सम्वन्धमा।
३. राहत तथा उपचार खर्च सम्वन्धमा।
४. कर्मचारीलाई कामकाज गर्न अनुमति दिने सम्वन्धमा।
५. योजना अनुमोदन सम्वन्धमा।
६. एकिकृत दलित बस्ती छनौट सम्वन्धमा।
७. चिकित्सकलाई नियुक्ति दिने सम्वन्धमा।
८. समपुरक योजना सम्झौता गर्ने सम्वन्धमा।
९. आर्थिक विकास समितिको निर्णय अनुमोदन सम्वन्धमा।
१०. ठेक्का म्याद थप सम्वन्धमा।
११. प्रसूति सेवा सञ्चालन सम्वन्धमा।
१२. आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका पारित गर्ने सम्वन्धमा।
१३. कोभिड १९ प्रभावित परिवारलाई नगद हस्तान्तरण कार्यक्रम सम्वन्धमा।

**निर्णयहरू**

**निर्णय नं. १ : प्रस्तावनं. १**"सडक बोर्ड नेपालको कार्यक्रम स्वीकृत गर्ने सम्वन्धमा" छलफल गर्दा सडक बोर्ड नियमावली २०६० को नियम ९ बमोजिम सडक बोर्ड नेपालसँग २० प्रतिशत साझेदारी गर्ने गरी तपसिल बमोजिमको सडक खण्डमा कार्यान्वयन गर्ने गरी सडक मर्मत सम्भार गर्ने निर्णय गरियो ।
तपसिल

१. मौल्याइखाली सिलिङ्गी भुरुङखोला खण्डको पातीखोलामा सडक मर्मत सम्भार योजना रु १३,२५,०००।
२. बाङ्गेलाखुरी सेताढाँर- फारुला सडक खण्ड अन्तर्गत मिरेनी- दार्माखोला सडक मर्मत सम्भार योजना रु १३,००,०००।

**निर्णय नं.२- प्रस्तावनं. २** "गुनासो सुनुवाई उपर परेका आवेदन सिफारिस गर्ने सम्वन्धमा" छलफल गर्दा,मिति २०७८ फाल्गुन २६ गते गुनासो सुनुवाई समितिको बैठकले गरेका निर्णणयहरु सम्वन्धमा विस्तृत छलफल गरी वडाहरुबाट सिफारिस भई आएका गुनासो दर्ता फारामहरुलाई अनुमोदन गरियो। साथै उक्त निवेदनहरुको विवरण भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय सिंहदरवार काठमाडौँमा पठाउने निर्णय गरियो।

**निर्णय नं.३ प्रस्तावनं. ३**"राहत तथा उपचार खर्च सम्वन्धमा" छलफल गर्दा गाउँपालिका अध्यक्षबाट प्रदान गरिने आर्थिक सहायता कोष सञ्चालन कार्यविधि, २०७७ को देहायका दफा बमोजिम देहायका नागरिकहरुलाई देहाय बमोजिम आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।

**तपसिल**

| क्र. स. | सहायता पाउने व्यक्तिको नाम थर | ठेगाना | कार्यविधिको सम्बन्धित दफा | पहिचान भएको समस्या | आर्थिक सहयायता रकम |
|---|---|---|---|---|---|
| १ | प्रदिप बिक | दार्मा गापा २ | ३ | मुटु रोग | १००००/- |
| २ | बिर बहादुर बुढाथोकी | दार्मा गापा ६ | ३ | करङहरु भाँचिएको | १००००/- |
| ३ | रेवती कुमारी कामी | दार्मा ४ | ३ | मुटु रोग | १००००/- |
| ४ | ओईली वली | दार्मा १ | ५ | अति विपन्न | १००००/- |
| ५ | खिम बहादुर खड्का | दार्मा ५ | ३ | फोक्सोको क्यान्सर | १००००/- |
| ६ | तिले कामी | दार्मा ४ | ५ | अति विपन्न | १००००/- |
| ७ | गिता बिक | दार्मा ४ | ५ | अति विपन्न | १००००/- |
| ८ | बुद्धिराज कामी | दार्मा २ | ३ | पक्षघात | १००००/- |
| ९ | मानसिं रावत | दार्मा ४ | ५ | देब्रे हात छुट्टिएको | १००००/- |
| १० | सन्दिप सुनार | दार्मा २ ढारापाखा | ३ | आगलागीमा जलेको | १००००/- |
| ११ | चन्द्रे थापा | दार्मा ४ | ३ | ढाड भाँचिएको | १००००/- |
| १२ | जनक रोकाय/बिनोद रोकाय (अभिभावक- शंकर वली) | दार्मा ३ | ५ | अति विपन्न अनाथ वालवालिका | १००००/- |
| १३ | रती कामी (संरक्षक) | दार्मा ६ | ५ | अति विपन्न वालवालिका (संरक्षक नभएको) | १००००/- |
| १४ | कल्पना बिक (संरक्षक मुगी कामी -हजुरआमा) | दार्मा २ | ५ | अति विपन्न(संरक्षक नभएको) | १००००/- |
| १५ | काली बहादुर बुढाथोकी | दार्मा ४ | ५ | अति विपन्न | १००००/- |

**निर्णय नं.४ प्रस्तावनं.** "कर्मचारीलाई कामकाज गर्न अनुमति दिने सम्वन्धमा" छलफल गर्दा अधिकृत छैठौं(शिक्षा) श्री शेरप्रसाद ढकाल र सहायक पाँचौ (कम्प्युटर अपरेटर) सन्देश के.सी.ले दिएको निवेदन उपर निजामती सेवा ऐन २०४९ को दफा ४९(२) बमोजिम निजहरुलाई कार्यालयको समयमा वाहेक कार्यालयको कामकाजमा वाधा नपर्ने गरी अन्यत्र कामकाज गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं.५ प्रस्तावनं.** ५ "योजना अनुमोदन सम्वन्धमा" छलफल गर्दा नेपाल रेडक्रस उपशाखा दार्माको मिति २०७८ फागुन ३० गतेको निर्णय अनुसार छनौट गरी सिफारिस गरिएका तपसिल बमोजिमका योजनाहरु अनुमोदन गर्ने निर्णय गरियो।

**खानेपानी तर्फ**

१. जुगेपानी तलछरे काफलनेटा लिफ्ट खानेपानी योजना

२. फारुला बजार खानेपानी निर्माण योजना

३.	भक्काने मूल रानागाउँ लिफ्ट खानेपानी योजना

४.	सिमलपुर खानेपानी निर्माण योजना

५.	सिमखोला बिष्टगाउँ काफलगैरा लिफ्ट खानेपानी मर्मत योजना

६.	कर्जेखोला लिरापाजा ट्यांकी निर्माण योजना

७.	ठूला सिम भदालेखोला खानेपानी निर्माण योजना

**CGT शौचालय तर्फ**

१.	CGT वास सहितको शौचालय निर्माण योजना राष्ट्रिय मावि दार्माकोट

**शौचालय तर्फ**

१.	कालिका प्रा वि सुवाखोला दार्मा ३

२.	दिनदिप आधारभूत विद्यालय अंगरनेटा दार्मा ६

**सिंचाई कुलो तर्फ**

१.	तामाखानी बिरखेत सिंचाई कुलो दार्मा ३

**रिचार्ज पोखरी तर्फ**

१.	मालिका पर्यटकीय क्षेत्र रिचार्ज पोखरी दार्मा ४

**निर्णय नं.६ प्रस्तावनं.** ६"एकिकृत दलित बस्ती छनौट सम्वन्धमा" छलफल गर्दा दार्मा गाउँपालिका वडा नं २ लिगाछापमा एकिकृत दलित बस्ती कार्यक्रम कार्यान्वयनका लागि स्थान छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं.७ प्रस्तावनं.** ७ "करारमा लिने सम्वन्धमा" छलफल गर्दा दार्मा गाउँपालिका सार्वजनिक खरिद नियमावली २०७७ को नियम १०५ (३) बमोजिम मिति २०७८ फागुन ३ गतेको प्रकाशित सूचना अनुसार दरखास्त परेको मेडिकल अधिकृत (आठौ) पदका उम्मेदवार श्री उज्ज्वल पुरीलाई मासिक तलब ४२३८०/- स्थानीय भत्ता ३९४०/- महंगी भत्ता २०००/- प्रोत्साहन (ल्याव,एक्सरे, अतिरिक्त समयमा समेत विरामी चेक जाँच लगायत) ४२३८०/- गरी जम्मा ९०७००/- पारीश्रमिक दिने गरी मिति २०७८/११/१० गते देखि लागु हुने गरी सेवा करारमा लिनेर रेडियोग्राफरलाई मासिक रुपमा तलबमा स्थानीय भत्ता ३१६०/- र महंगी भत्ता २०००/- समेत थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.८ प्रस्तावनं.** ८"समपुरक योजना सम्झौता गर्ने सम्वन्धमा " छलफलगर्दा वडा कार्यालयको भवन निर्माण(वहुवर्षीय) कार्य गर्नका लागि बोलपत्र आह्वान भई मूल्यांकन समेत भई सकेको हुँदागाउँपालिका ५० प्रतिशत र .जिल्ला समन्वय समितिको ५० प्रतिशत लागत साझेदारीमा कार्यान्वयन गर्ने गरी सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं.९ प्रस्तावनं.** ९"आर्थिक विकास समितिको निर्णय अनुमोदन सम्वन्धमा" छलफल गर्दा आर्थिक विकास समितिको मिति २०७८ माघ ५ गतेको पकेट कार्यक्रम संचालन सम्वन्धी निर्णय अनुमोदन गरियो ।

**निर्णय नं.१० प्रस्तावनं.** १०"ठेक्का म्याद थप सम्वन्धमा " छलफल गर्दा ठेक्का आह्वान भई सम्झौता गरी कोभिड १९ लगायतका विभिन्न कारणले आ.व. २०७८ आषाढ मसान्तसम्म सम्पन्न हुन नसकेको र पहिलो पटक २०७८ भाद्र १३ गतेको निर्णय अनुसार मिति २०७८ पौष मसान्तसम्म काम सक्ने गरी ठेक्का म्याद थप गरिएकोमा समेत सम्पन्न हुन नसकेको हुँदा अन्तिम पटक जेनिशा निर्माण सेवाद्वारा संचालित DRM/W/NCB/11/2077/078 नं. को ठेक्का थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.११ प्रस्तावनं.** ११"प्रसूति सेवा संचालन सम्वन्धमा" छलफल गर्दा आधारभूत स्वास्थ्य सेवाँ केन्द्र थुम्केसल्लीमा २०७८ चैत्र २५ गतेदेखि प्रसूति सेवा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२ प्रस्तावनं.** १२"आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका पारित गर्ने सम्वन्धमा " छलफल गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८को व्यवस्था बमोनिम तथा दार्मा गाउँपालिका सार्वजनिक खरिद नियमावली २०७७ को नियम ८१ अनुसार शान्ति ईन्जिनियरिङ कन्सलटेन्सी एण्ड रिसर्च प्रा लि तुलसीपुर दाङले तयार गरेको आन्तरिक नियन्त्रण कार्यप्रणाली प्रतिवेदन २०७८ को दफावार छलफल गरी पारित गरियो ।

**निर्णय नं.१३ प्रस्तावनं.** १३"कोभिड १९ प्रभावित परिवारलाई नगद हस्तान्तरण कार्यक्रम सम्वन्धमा " छलफल गर्दा कोभिड- १९ को महाममारीबाट प्रचावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधि, २०७८ को दफा ४(३)बमोजिम तपसिलका सङ्ख्यामा तपसिल बमोजिमका वडाबाट वडा कार्यालयमा दर्ता भएका निवेदनहरु कार्यविधिको दफा ६ (१,२)प्रक्रिया पुर्याई दफा (३, ४ ) बमोजिम कारबाही गर्ने प्रयोजनार्थ यथासिघ्र यस कार्यालयमा पठाउने भनि निर्णय गरियो ।

तपसिल

| वडा कार्यालय | संख्या |
|---|---|
| १ | ८५ |
| २ | ११० |
| ३ | ७२ |
| ४ | १३४ |
| ५ | ८६ |
| ६ | १२० |
| जम्मा | ६०७ |